# मध्यविन्दु नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
**चोरमारा, नवलपरासी (ब.सु.पू)**
**गण्डकी प्रदेश**

मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालय चोरमारा, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७४

**नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला मध्यविन्दु नगरपालिकाको आरुङ्गखोलाबाट ढुङगा, गिट्टी, बालुवा उत्खनन् गर्ने प्रस्ताव सम्वन्धी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन सम्वन्धी**

## सार्वजनिक सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०८/२६**

**प्रस्तावकको नाम :** मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व )

**प्रस्तावको नाम :** नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला मध्यविन्दु नगरपालिकाको आरुङ्गखोलाबाट तपशिलका खण्डबाट ढुङगा, गिट्टी, बालुवा उत्खनन् ।

१. पूल तल साविक नयाँबेलहानी-७ देखि प्रसौनी -९

२. पुल माथि साविक नयाँबेलहानी -४, ६ र ९

३. साविक नयाँबेलहानी -६

**प्रस्तावकको व्यहोरा :** ढुङगा, गिट्टी, बालुवा संकलन/उत्खनन् गर्ने बारे सरोकारवालाबाट राय सुझाव लिने सूचना ।

वातावरणीय संरक्षण नियमावली २०५४ को अनुसूची १ र गण्डकी प्रदेशको ढुङगा गिटी बालुवा उत्खनन् संकलन कसिङ्ग र बिकी वितरण तथा कसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधी २०७५ बमोजिम प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गरी प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावित कार्यक्षेत्रको प्रभावित क्षेत्र मध्यविन्दु नगरपालिका तपशिलका क्षेत्रहरुमा प्रभाव पर्ने हुंदा सम्पूर्ण सरोकारवाला वा संघ संस्था वा व्यक्तिबाट लिखित राय सुझाव लिनु पर्ने भएकोले सोही नियमावलीको नियम-७ बमोजिम यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. भौतिक वातावरण

२. जैविक वातावरण

३. सामाजिक वातावरण

४. आर्थिक वातावरण

५. सांस्कृतिक वातावरण

त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सम्पूर्ण सरोकारवाला व्यक्ति तथा संस्थालाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझाव पठाउने ठेगाना :**

मध्यविन्दु नगरकार्यपालिकाको कार्यालय,चोरमारा नवलपरासी (ब.सु.पू.)
फोन नं.-०७८-४१०१२४, ४१०१२६